नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचलको

# OTP(One Time Password) प्राप्त गर्ने सम्बन्धी सूचना

सार्वजनिक खरिद प्रक्रियालाई खुला, पारदर्शी, जवाफदेही, प्रतिस्पर्धी, गुणस्तरीय र आधुनिक प्रविधिमा आधारित बनाउने उद्देश्यले यस कार्यालयबाट विकास गरिएको Single पोर्टलमा आधारित विद्युतीय खरिद प्रणाली (Electronic Government Procurement (e-GP) System) हाल कार्यान्वयनको चरणमा रहेको छ । हाल यस प्रणालीको प्रयोगकर्ताहरु मूलतः सार्वजनिक निकाय, बोलपत्रदाता तथा वाणिज्य बैंकहरुमध्ये बोलपत्रदाताहरुले बोलपत्र दाखिला गर्नु अघि पाउनुपर्ने One Time Password (OTP) हाल आफ्नो आधिकारीक e-mail मा प्राप्त गर्ने व्यवस्था रहेकोमा यही मिति २०७५ श्रावण २७ गते देखी बोलपत्रदाताहरुले आफ्नो e-mail का अतिरिक्त प्रणालीमा दर्ता गर्दा उपलब्ध गराईएको मोवाईल नं. मा समेत प्राप्त गर्न सकिने व्यवस्था मिलाईएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**OTP प्राप्त गर्ने तरिका**

१) बोलपत्रदाताले आफ्नो Bid Response तयार गरिसकेपछि e-GP System को Summary Tab मा रहेको Generate OTP वटनमा Click गर्ने ।

२) e-GP System मा दर्ता रहेको आफ्नो Mobile नम्बरमा **ppmo** टाइप गरी **34001** मा SMS गर्ने ।

३) SMS मार्फत प्राप्त One Time Password (OTP) लाई प्रणालीमा validate गरी आफ्नो बोलपत्र दाखिला गर्ने ।

पुनश्च :

१) हाल यो सुविधा नेपालभित्र रजिष्टर्ड भएका Nepal Telecom, NCELL, SMARTCELL का मोवाइल नम्बरहरुमा मात्र प्राप्त गर्न सकिनेछ ।

२) यो सुविधा प्रयोग गरेवापत प्रति SMS ने. रु.२ (कर बाहेक) दस्तुर लाग्नेछ ।

३) यस सम्बन्धमा थप जानकारी लिनका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको Help Desk, फोन नं. ४२८२९६३ तथा ***email :*** info@ppmo.gov.np मा सम्पर्क राख्न सकिनेछ ।

२०७५/४/२६